आज मिति २०८१/०६/११ गते शुक्रवारका दिन रुपमी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | |
| १३ | श्री रामकुमारी सदा | सदस्य | रामकुमारी |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री तारणी प्रसाद यादव | सचिव | |

**प्रस्ताव नं. १ कृषि स्नातक करार कर्मचारीको तलब भत्ता भुक्तानी सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा रुपनी गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत संघीय सरकार सशर्त अनुदान तर्फ बजेट शिर्षक नं. ३१२०१०११ क्रियाकलाप नं. १.१.२.२२ कृषि स्नातक करार तर्फ बजेट प्राप्त भई गाउँपालिकाबाट पदपूर्तिको प्रक्रिया प्रारम्भ गरी हाल कर्मचारी नियुक्ती भइ सकेकोमा चालु आ.ब. २०८१/८२ को स्वीकृत संघीय सरकार सशर्त अनुदान तर्फ कृषि स्नातक करार तर्फ बजेट प्राप्त नभएको हुँदा कृषि तथा पशुपंक्षी विकास मन्त्रालय सिंहदरवार, काठमाण्डौंलाई पत्राचार गरी चालु आ.व.मा बजेट माँग गर्ने र हाल कृषि स्नातक करारमा नियुक्ती गरिएका कर्मचारीको चालु आ.व. २०८१/८२ को स्वीकृत गाउँसभा वार्षिक वजेट तथा कार्यक्रम तर्फ राजश्व बाडफाड शिर्षक अन्तरगत करार सेवाशुल्कमा वजेट विनियोजन भएको हुँदा सो शिर्षकबाट पछि सोधभर्ना हुने गरी हाल कृषि स्नातक करारमा नियुक्ती भएका कर्मचारिको तलब भत्ता भुक्तानी दिने प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं. २ सवारी चालक तथा सहचालकको दरवन्दी सृजना गरी नियुक्तीका लागि विज्ञापन गर्ने ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा रुपनी गाउँपालिकाको नाममा गत आ.व. ०८०/८१ मा खरिद भई हाल संचालनमा रहेका सेफ्टी टंयाकका लागि १ जना सवारी चालक, २ जना सहचालक तथा एम्बुलेन्सका लागि १ जना सवारी चालकको दरबन्दी सृजना गरी नियुक्ती प्रक्रिया अगाडी वढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने साथै सेफ्टी टयनङ्की र एम्वुलेन्स सञ्चालनमा आऐ देखी ३ महिना सम्मको लागि पारिश्रमिक सेफ्टी ट्याङ्कीमा कार्यरत सवारी चालक को मासिक २१०००/- र सहचालकको मासिक ११०००/- हुने गरी ज्यालादारीमा काममा लगाउने र एम्वुलेन्स चालकको मासिक ज्यालादारी ८०००/- र रुपनी देखी विराटनगर वा धरान को प्रति टिप वापत रु.६००/- र पालिका देखी राजविराज सम्म प्रति टिप १००/- हुने र सेफ्टी ट्याङ्की लगायत एम्वुलेन्सको सेवा वापत उठेको राजश्व वैंक दाखिला गर्ने र सेफ्टी ट्याङ्की, एम्वुलेन्स को ईन्धन सहित सम्पूर्ण जिम्मेवारी यस गाउँपालिकामा कार्यरत सि.अ.हे.व.अधिकृत राम कुमार भगत लाई दिने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ सेफ्टी ट्याङ्कीको दररेट निर्धारण सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा रुपनी गाउँपालिकाको नाममा रहेको सेफ्टी टंयाकको प्रयोग गरेवापत तपसिलको दररेट निर्धारण गरी शुल्क लिने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | विवरण | शुल्क | कैफियत |
|---|---|---|---|
| १. | शौचालय सफाई प्रति ट्याङ्की | १६००/- | १ पटक |
| २. | रिंग शौचालय प्रति रिङ्ग | ३००/- | १ पटक |

**प्रस्ताव नं.४ पोखरी तथा हटिया सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा रुपनी गाउँपालिका अन्तरगतका सार्वजानिक पोखरी तथा हटियाहरुको विवरण अध्यावधीक गरी संरक्षण, सम्वद्धन तथा ठेका बन्दोवस्त गर्ने प्रयोजनका लागि वडा अन्तरगतका सार्वजानिक हटिया, पोखरीको विवरण माँग गर्न पत्राचार गरिएकोमा हाल सम्म प्राप्त हुन नसकेकोमा ३ दिन भित्र अनिवार्य उपलब्ध गराउन वडा कार्यालयहरुलाई पत्राचार गरी प्राप्त विवरण अनुसार ठेक्का सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.५ गाउँ शिक्षा समिति गठन सम्वन्धमा ।**

प्रस्ताव नं. ५ माथी छलफल गर्दा रुपनी गाउँपालिका शैक्षिक व्यवस्थनपन कार्यविधि,२०७५ को परिच्छेद-४ नियम २५ बमोजिम तपसिल अनुसारको एक गाउँ शिक्षा समितिको निर्णय गर्ने सर्वसहमति बाट पारित गरियो।

1. गाउँ कार्यपालिकाको प्रमुख - दिनेश कुमार यादव - अध्यक्ष
2. गाउँ कार्यपालिकाले तोकेको गाउँकार्यपालिकाका सदस्यहरुमध्येबाट एक जना महिला सदस्य -पुष्पा कुमारी श्रेष्ठ लौगी - सदस्य
3. गाउँ कार्यपालिकाले तोकेको गाउँकार्यपालिकाका सदस्यहरुमध्येबाट एक जना सदस्य - सरोज कुमार यादव- सदस्य
4. प्रमुख प्रशासकीय अधिकृत- तारणी प्रसाद यादव -सदस्य
5. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट समितिले तोकेको एक जना सदस्य - मोहन कुमार यादव -सदस्य
6. संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट समितिले तोकेको प्रतिनिधि १ जना - राम प्रसाद मण्डल - सदस्य
7. सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट समितिले तोकेको एक जना सदस्य- दुगा नन्द ठाकुर - सदस्य
8. शिक्षा क्षेत्रमा योगदान पुयाएका व्यक्तिहरुमध्येबाट समितिले मनोनित गरेका एक जना महिला - सदस्य- सुमन रानामगर - सदस्य
9. शिक्षा क्षेत्रमा योगदान पुयाएका व्यक्तिहरुमध्येवाट समितिले मनोनित गरेका एक जना सदस्य- सत्य नारायण मण्डल - सदस्य
10. गाउँपालिका स्तरीय नेपाल शिक्षक महासंघका अध्यक्ष - सदस्य
11. शिक्षा शाखा प्रमुख - वेदराज अधिकारी-सदस्य सचिव

**प्रस्ताव नं.६ कार्यविधि सम्वन्धमा ।**

प्रस्ताव नं. ६ माथी छलफल गर्दा शैक्षिक क्षेत्रमा देखिएका विभिन्न समस्याहरु समाधान गरि विद्यालयहरुमा नियमित पठनपाठन तथा नियमन गर्न तपसिलका कार्यविधि सर्वसहमति बाट पारित गरियो।

तपसिलः

क) रुपनी गाउँपालिका प्रधानाध्यापक छनौट कार्यविधि,२०८१

ख) रुपनी गाउँपालिका शिक्षक दरबन्दी मिलान कार्यविधि,२०८१

**प्रस्ताव नं.७ प्राविधिक कर्मचारी तथा स्वास्थ्य कर्मचारीहरुको जिम्मेवारी सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक निति, कार्यक्रम र वजेटको कार्यान्वयन गर्न विनियोजित भएका योजनाहरुको लागत अनुमान,निरिक्षण मूल्याकंन, नापी किताव, तथा कार्य सम्पन्न प्रतिवेदन, सुपरिवेक्षण समेत गर्ने गरी तपसिल बमोजिमका कार्य जिम्मेवारी तोकी प्राविधिक कर्मचारी लाई सम्बन्धित वडा कार्यालयमा हाजिर हुन पठाउने निर्णय गरियो । साथै स्वास्थ्य तर्फको कर्मचारीहरुलाई आवश्यकताको आधारमा गाउँपालिका भिन्नको स्वास्थ्य चौकीहरुमा खटन पटन गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृत लाई दिने निर्णय गरियो ।

तपसिलका प्राविधिक कर्मचारीहरु :

| सि.नं. | कर्मचारीको नाम थर, पद | तोकीएको जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १. | श्री सुनिल कुमार यादव, ईन्जिनियर | गाउँपालिका भरी सुपरभिजन | |
| २. | श्री शम्भु मण्डल, ईन्जिनियर | गाउँपालिका भरी सुपरभिजन | |
| ३. | श्री आनन्द कुमार ईसर, सव ईन्जिनियर | गाउँ कार्यपालिकाको कार्यालय | |
| ४. | श्री अनिल कुमार यादव, सव ईन्जिनियर | रुपनी गा.पा.वडा नं.३ | |
| ५. | श्री रमेश कुमार यादव, सव ईन्जिनियर | रुपनी गा.पा.वडा नं.१ र ५ | |
| ६. | श्री प्रविण कुमार यादव, सव ईन्जिनियर | रुपनी गा.पा.वडा नं.६ | |
| ७. | श्री लोमस चौधरी, अ.सव ईन्जिनियर | रुपनी गा.पा.वडा नं.२ | |
| ८. | श्री सरोज कुमार मण्डल, अ.सव ईन्जिनियर | रुपनी गा.पा.वडा नं.४ | |